# समाचार सन्देश

वर्ष १४, अङ्क १  आई.पी.एस्. लेख रचनाको सँगालो, साउन ३१–भदौ १४, २०६४ (अगष्ट १६ – ३१, २००७)


# 'कि मार नत्र जेलको पर्खाल तार'

– बरादन कुप्पुसामी

क्वालालम्पुर (**आई.पी.एस्./एन्.पी.आई.**) – 'कि त मार नत्र जेलको पर्खाल तार, तर मन्द-मृत्युको मुखमा नपार,' ४५ वर्षीय बाहा जाम्बोलले रुँदै चिन्ता दर्शाए। उनी विगत नौ वर्षदेखि असहाय बनेर मृत्युको प्रतीक्षा गरिरहेका छन्। उनको कुनै बिन्तीको सुनुवाई भएको छैन ।

जाम्बोलको मुटुमा गाँठो परेको यो पीडा अद्वितीय भने होइन । मलेसियाको फौजदारी न्याय प्रणालीको गम्भीर कमजोरीका कारण थुप्रै व्यक्ति यस्तै चिन्ताको घुट पिइरहेका छन् ।

जाम्बोललाई ५० किलोग्राम गाँजा राखेका कारण १९९८ को अप्रिलमा मृत्युदण्डको सजाय सुनाइएको हो । मृत्युदण्डविरुद्ध बिन्तीपत्र दिन पनि उनले पाएनन्, उनलाई न्यायाधीशले यो मौका नै नपाउने गरी 'झुण्डाएर मृत्युदण्डको सजाय दिने' भनेर हतारमा फैसला लेखिदिए ।

'लिखित निर्णयबिना हामी विन्तिपत्र दिन सक्तैनौं,' जाम्बोलका अधिवक्ता तथा मानव अधिकार प्रचारक कारपाल सिंहले आईपीएसलाई भने ।

जाम्बोल कारचालक हुन् । उनको कारको चक्काबाट गाँजा बरामद भएको हो । तर गाँजा बरामद गर्दा उनीसँगै कारमा रहेको मालिक भने निर्दोष करार गरियो ।

हतारमा फैसला सुनाउने न्यायाधीशका कारण तहल्का पनि निकै मच्चियो । न्यायाधीशको कठोरताप्रति आलोचना पनि भयो । मृत्युदण्डजस्तो कठोर निर्णय गर्दा विन्तिपत्रको समेत अवसर प्रदान नगरिएकोमा देशव्यापी रूपमा विरोध पनि भयो ।

'यस मुद्दाका कारण न्यायमूर्तिहरूको निर्णयलाई लिएर व्यङ्ग्यात्मक रूपामा नक्कल पनि उतारिन थालियो,' सिहंले भने । 'जाम्बोल विगत ९ वर्षदेखि मृत्युको प्रतीक्षामा छटपटाइरहेका छन्, योभन्दा निर्दयताको अर्को उदाहरण के हुन सक्छ ? म सरकारलाई मृत्युदण्डको सजाय र यसको प्रतीक्षामा रहेका व्यक्तिलाई तड्पाउने कार्यको अन्त्य गर्न अनुरोध गर्दछु ।'

जाम्बोलजस्तै दर्जनौं अन्य बन्दीहरू मुलुकका खचाखच जेलहरूमा हरेक दिन मृत्युको सामना गरिरहेका छन् । उनीहरू मृत्युदण्डका विरुद्ध विन्तिपत्र दिन पनि सक्तैनन् किनभने कानुनले न्यायधीशलाई विन्तिपत्र दिन पाउने भनेर अंकित गरी फैसला गरिएका व्यक्तिका लागि मात्र सो अवसर प्रदान गरेको छ ।

यस्तै २८ वर्षीय अजिज साफिरलाई आफ्नी प्रेमिकाको हत्या गरेका कारण २००१ मा मृत्युदण्डको सजाय सुनाइएको थियो । तर, उनका वकिल हारबाहजान सिंह छानबिनको गम्भीर त्रुटिका कारण निजले सो सजाय पाएको दावी गर्दछन् । ६ वर्षदेखि सिंह विन्तिपत्र हाल्नका लागि कुनै बाटो पाइन्छ कि भनी खोजी गरिरहेका छन् तर न्यायाधीशको कठोरताका कारण त्यो सम्भव भएको छैन ।

'अजिज आफ्नो भाग्य, परिवार र गरिवीलाई सम्झेर गम्भीर मानसिक तनावको शिकार भएका छन्,' दक्षिणी नेग्री सेम्बिलान

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

राज्यका गरिब कृषक अजिजका सम्बन्धमा उनका वकिलले यसै महिनाको सुरुमा द न्यु स्ट्रेट्स टाइम्सलाई आफ्नो ग्राहकको पीडा बताएका थिए ।

उनीहरूले निर्णय लेखिदिने न्यायाधीश पाउनका लागि थुप्रै पटक अनुरोध गरे, तर सफलता हात लागेन ।

'यस विषयमा मैले अदालतलाई पाँच वटा पत्र लेखिसकें, दुर्भाग्यवश उनीहरूले एउटाको जवाफसम्म पठाएनन्,' सिंहले अखबारलाई बताएका छन् ।

यही पीडाको स्थिति हासजाइदी हसनले पनि भोग्नु परेको छ । लागू औषध ओसार-पसार गरेका कारण २००१ मा मृत्युदण्डको सजाय पाएका उनको विवशता पनि समान छ ।

केही समययता मलेसियाका प्रतिपक्षी राजनीतिक दलका राजनीतिज्ञ तथा मानवअधिकार कर्मीहरू मुलुकका अकर्मण्य न्यायाधीशबिरुद्ध आवाज उठाउन थालेका छन् ।

'न्यायाधीशहरूको लापर्वाह प्रवृत्तिका कारण अदालतको प्रशासन पनि पङ्गु बनेको छ, जबकि प्रशासन चुस्त हुनु नागरिकका लागि अति आवश्यक छ,' विपक्षी पार्टीका सांसद कुलासेगारन मुरुगेसान आईपीएसलाई बताउँछन् ।

'यदि न्यायाधीशहरूले आफ्नो आधारभूत आवश्यकता पूरा गरिदिएको भए दोषी व्यक्तिहरूले मृत्युदण्डबिरुद्ध विन्तिपत्र दिने थिए र सायद छानबिनपछि निर्दोष पनि सावित हुने थिए । लामो समयको ढिलाइ कमजोर फौजदारी न्यायपद्धतिको परिचायक हो,' उनले भने । उनी सरकारलाई लामो समयसम्म मृत्युदण्डको प्रतीक्षा गराउने दु:खद व्यवहार अन्त्य गर्न आग्रह गर्दछन् ।

उनी भन्छन्, 'यस समस्याको दीर्घकालिक समाप्ति र मानवीय समाधान मृत्युदण्डकै खारेजी हो ।'

मृत्युदण्डको सवाललाई मृत्युदण्डविरुद्ध मलेसियालीहरू नामक अधिकारवादी संस्थाले उठाइरहेको छ । सो संस्थाका संयोजक तथा अधिवक्ता चाल्स हेक्टर आईपीएसलाई भन्छन्- मृत्युदण्डको सजाय सुनाइएका बन्दीको विन्तिपत्र सुनुवाई हुन ढिला गरिदा बन्दीहरूमा कडा दबाब सिर्जना भेरहेको छ ।

'त्यसो त न्यायाधीशहरू पनि मृत्युदण्ड विरुद्धको अभियानले सिर्जना गरेको ठूलो दबाबमा रहेका छन् । मृत्युदण्डको सजाय पाएका व्यक्तिले सो सजायविरुद्ध विन्तिपत्र दिन पाउने व्यवस्थामाथि बन्देज लगाउनु क्रूरता हो । सजाय पाएका व्यक्तिका परिवार पनि संवेगात्मक शुष्कताको शिकार बनेका हुन्छन् । अनिश्चितता र अर्थहीन ढिलाइले उनीहरू दिशाहीन बन्न पुग्छन् । यो यातनाको असह्य स्वरूप हो ।

हेक्टरले थपेका छन्, 'मृत्युदण्ड फैसलाको पुनरावलोकन नगरिएकै कारण अनिश्चित(ताको बन्दी बनेर दोषीहरू लामो समयसम्म प्रतीक्षामा बस्न वाध्य भएका हुन् । हामी मृत्युदण्डको प्रतीक्षामा रहेका सम्पूर्ण बन्दीहरूको सजाय तत्काल जन्मकैदजस्ता अन्य सजायमा बदल्न र मलेसियाबाट मृत्युदण्डको सजाय खारेज गर्न माग गर्दछौं ।'

एम्नेस्टी इन्टरनेशनलले मलेसियामा लामो समयदेखि मृत्युदण्डको प्रतीक्षामा रहेका व्यक्तिहरूको पीडालाई लिएर चिन्ता प्रकट गरेको छ । सो संस्थाले मृत्युदण्डको सजाय अन्य सजायमा रूपान्तरण गर्न र थप व्यक्तिहरूलाई सो सजाय नसुनाउन आग्रह गरेको छ ।

मलेसियाली कानुन व्यवसायीहरूको संस्था मलेसियन बार एशोसिएसनले यस विषयलाई प्रमुख मुद्दाका रूपमा उठाएको छ । यसले मृत्युदण्डको प्रतीक्षामा राखेर बन्दीहरूलाई 'मन्द-मृत्यु' दिएको भन्दै अभियानका रूपमा सवाल अगि बढाएको छ । न्यायाधीशहरूले फैसला लेख्दा अनुदारता देखाएको र लामो समयको ढिलाइ गरेका कारण मन्द-मृत्युको अवस्था सिर्जना भएको उनीहरूको धारणा छ ।

मलेसियाका प्रधान न्यायाधीश अहमद फैरुज हालिमसमक्ष बार एसोसिएसनले मृत्युदण्डका गम्भीर मुद्दाहरूको सूची प्रस्तुत गरेको छ । आशा गरिएको छ कि मृत्युदण्डका पक्षमा अगुवाई गर्ने न्यायाधीशहरूलाई नियन्त्रण गरिने छ । अन्तत: जाम्वोल तथा अजिजजस्ता दर्जनौं पीडितहरूको पीडाका दिनहरू अन्त्य हुनेछन् ।

मलेसियाले लागू औषध कारोबारलाई हटाउन मृत्युदण्डको सजाय कायम राखेको हो । पन्ध्र ग्राम हेरोइन र २ सय ग्राम गाँजा खानेपानी आपूर्तिमा मिसाइदिएको घटना अगि सार्दै सरकार यो सजाय कायम राख्न कति आवश्यक छ भन्ने कुरा पुष्टि गर्न चाहन्छ । लागू पदार्थको कारोबारका अतिरिक्त हत्या, आगजनी, अवज्ञाजस्ता दोषका लागि पनि मृत्युदण्डको सजाय दिने गरिन्छ ।

१९५७ मा स्वतन्त्र भएको मलेसियामा स्वतन्त्रतापछि मात्र एक हजार भन्दाबढी व्यक्तिहरूलाई मृत्युदण्डको सजाय दिइसकिएको छ । अहिले मुलुकमा करिब ३ सय व्यक्तिहरू मृत्युदण्डको सजायको प्रतीक्षा गरिरहेका छन् । अधिकांशत: इण्डोनेसियाबाट मलेसियामा लागू औषध ओसार-पसार गर्ने कार्यमा संलग्न छन् ।

# सरकार एचआइभी उपचारमा उदासीन

– जोफिन इब्राहिम

कराची (आई.पी.एस्./एन्.पी.आई.) – 'विगत २५ दिनदेखि मलाई ज्वरो आइरहेको छ मेरो तौल पनि एक महिनामा पाँच केजी घट्यो... म हरेक दिन कमजोर मात्रै अनुभव गर्छु' यो भनाइ २८ वर्षीय मोहम्मद सोहेलको हो, जसको रगतमा केही वर्षअघि एचआईभी पोजेटिभ देखिएको थियो। अहिले उनको सीडी४ परिमाण एक सय ५२ मात्र छ।

मानिसको प्रतिरोधी प्रणालीको कमजोरी र सबल पक्ष सीडी४ परिमाणको आधारमा गणना हुन्छ। एउटा सामान्य मानिसको रगतमा यसको उपस्थिति ६ सयदेखि १५ सय सेल प्रतिक्युबिक मिलिमिटरको बीचमा हुन्छ। यो गणनाले स्वास्थ्यकर्मीहरूलाई एचआईभी पोजेटिभ भएका व्यक्तिलाई कहिलेदेखि एन्टी रेट्रोभाइरल थेरापीमा (एआरटी) मा राख्ने भन्ने निर्णय गर्न सहयोग गर्छ।

एचआईभी पोजेटिभ भएका व्यक्तिहरू ती हुन् जसको रगतमा मानव प्रतिरक्षा प्रणाली कमजोर बनाउने भाइरस (ह्युम्यान इम्मुनोडिफिसेन्सी भाइरस) हुन्छ। एचआईभीले मानिसको प्रतिरक्षा प्रणाली कमजोर बनाउँछ र यो एड्स (अक्वायर्ड इम्मुनो डिफिसेन्सी सिन्ड्रोम अर्थात प्रतिरक्षा प्रणाली कमजोर बनाउने रोग जो अरुबाट ग्रहण गरिन्छ) को कारण बन्छ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) निर्देशिकाअनुसार सिडी४ गणना दुईसयभन्दा तल झरेपछि प्रभावित व्यक्तिलाई एआरटी सुरु गर्नुपर्छ।

शरीरको तापक्रमको तालिकालाई रेकर्ड गर्दै उनको डाक्टरको प्रतिवेदन जाँच गरेर पनि सोहेलले धाउने गरेको सरकारद्वारा सञ्चालित स्वास्थ्य केन्द्रले उनको जाँच गरेको छैन। उनलाई प्रतिजैविक (एन्टिबायोटिक) औषधि चाहिँ दिइएको छ।

सोहेल सिन्ध एड्स नियन्त्रण कार्यक्रमले विस्तारित एचआईभी/एड्स परियोजना सञ्चालन गरेको सर्भिस हस्पिटलको सेन्टर अफ एक्सिलेन्समा दर्ता भएका एक सय ७५ एचआईभी संक्रमितमध्येका एक हुन्। यीमध्ये ६० जना एआरटीमा छन्।

पछिल्लो चार महिनादेखि सोहेलले नियमित रूपमा केन्द्र धाएर चार घन्टा लाइनमा बस्दै आएका छन्। 'आतेजाते गर्न अर्को दुई घन्टा लाग्छ। यो ओहोरदोहोर मेरा लागि आर्थिक र भौतिक दुवै रूपले खर्चिलो छ' उनले भने।

एकपटक केन्द्रमा जानुको अर्थ आयआर्जन गर्ने कामबाट एक दिन बिदा लिनु हो। हाल उनलाई डा. सलिम अमाजले युरोपेली आयोगको वित्तीय सहयोगमा सञ्चालित एड्स रोकथाम कार्यक्रममा जागिर दिएका छन् तर, यहाँ अधिकांश पूर्व दुर्व्यसनीका लागि कुनै काम उपलब्ध छैन।

उनको सिडी४ परिमाण कम छ तैपनि अझैसम्म एआरटी सुरु गरिएको छैन। तर यसले सीमान्त अवस्था र उत्तम जीवनबीच भिन्नता खडा गर्छ। 'उनीहरू (सिफारिस केन्द्रका चिकित्सक) मलाई तन्दुरुस्त देखिन्छस् औषधि आवश्यक छैन भन्छन्' सोहेलले भने।

यो बेवास्ताको कारण आफू पूर्व दुर्व्यसनी भएकोले हो भन्नेमा उनी विश्वस्त छन्। 'जहिले मैले विभेदको विषयमा गुनासो गर्छु तब डाक्टरहरू उनीहरूलाई म फेरि दुर्व्यसनमा फर्कन्छु कि भनी चिन्ता व्यक्त गर्छन् र समय बरबाद गर्न र उपचार जारी राख्न चाहँदैनन्।' सोहेल विगत पाँच महिनादेखि लागू औषधको कुलतबाट मुक्त छन्।

यो विभेदकारी प्रवृत्तिले जोमिख घटाउने प्रयासलाई कठिन बनाएको छ।

नसाबाट लागू औषध लिने अर्थात आइडियू (इन्ट्राभेनस ड्रग युजर्स) हरूसित विगत २५ वर्षदेखि काम गर्दै आएका उनी आफ्नो संस्था पाकिस्तान सोसाइटीमा (पिएस) यतिखेर पाँच हजार आइडियू दर्ता भएको बताउँछन्। सो संस्थाले दुईवटा पुनर्स्थापना केन्द्र पनि सञ्चालन गरेको छ। उनका अधिकांश ग्राहक सडकमा जीवन गुजार्ने व्यक्तिहरू छन्।

'सरकारले लागू औषध प्रयोगकर्ताहरूलाई एचआईभीको उपचारबाट पर सार्ने गरेको छ। यी व्यक्तिहरूले महामारी फैलाउन सहयोग गरिरहेका हुनाले यो वास्तवमै खतरनाक कुरा बन्न पुगेको छ'

दिक्दार बनेका अजाम भन्छन् । सिन्धमा कुल आइडियूका ३० प्रतिशतमा एचआईभी पोजेटिभ छ ।

सिन्धमा ३५ हजारदेखि ४० हजार आडीयू छन् र संयुक्त राष्ट्रसंघीय लागू औषध तथा अपराधसम्बन्धी कार्यालयले सन् २००० मा गरेको पछिल्लो अध्ययन अनुसार पाकिस्तान भरमा ६० हजारभन्दा बढी आडीयूहरू छन्। 'गम्भीर प्रकृतिको अनुमानले यो संख्यालाई ८० हजार देखि एक लाखको बीचमा राखेको छ' अजामले भने ।

सरकारी आंकडाअनुसार सिन्धमा एचआईभी/एड्स पुष्टि भएको संख्या एक हजार आठ सय ४१ नाघेको छ भने मुलुकभरीमा यो संख्या तीन हजार तीन सय ६४ छ । तर, अधिकारीहरू पंजीकृत नभएकाको संख्या ८० हजारभन्दा माथि हुनसक्ने बताउँछन् ।

संयुक्त राष्ट्रसंघको एड्सविरोधी संयुक्त कार्यक्रम यूएनएड्सका एसिया प्रशान्त क्षेत्रीय निर्देशक प्रसाद राव पनि अजामको भनाइसँग सहमत छन् । राव भन्छन् आडीयूहरूमा एआरटीसम्मको पहुँच ज्यादै कम छ कारण 'सूचनाको अभाव, वहिस्कार र व्यापक कलंक र विभेद हो ।'

एचआईभी रोकथामको कार्यक्रमलाई प्रभावकारी बनाउन अजामको शब्दमा ती कार्यक्रमहरू विशेषगरी आईडीयूसम्म पुग्नुपर्दछ ।

पछिल्लो एक वर्षमा उनले उपचार दिइरहेका १० व्यक्ति सरकारी अस्पतालले उपचार गर्न नमान्दा मरे । 'करिब आठ महिनाअघि मैले सिभिल हस्पिटलका एकजना डाक्टर लाई मेरा एकजना ग्राहकको अपरेशन गराउन घूस दिनुपर्‍यो, जुन निःशुल्क हुनुपर्थ्यो । हालसालै, जिन्नाह पोष्ट ग्राजुएट मेडिकल सेन्टरले एउटा अत्तो थापेर हामीलाई जानकारी बिना नै भर्ना गर्न नमान्दा एकजनाको ज्यान गयो । त्यसपछि इधी फाउन्डेशन नामको परोपकारी संस्थाले सञ्चालन गरेको आश्रममा लगिएका उनको अवस्था झन् झन् खस्किँदै गयो र उनी कोमामा पुगे । यो नयाँ कुरा चाहिँ होइन, सधैं जसो भइरहन्छ ।' उनले भने ।

एचआइभी बोकेर बाँचिरहेका व्यक्तिहरूको राष्ट्रिय संघका फरिद अहमद मेमोनले पनि यस्तै प्रकारको विभेदकारी प्रवृत्तिको सामना गरे । 'सिन्ध एड्स नियन्त्रण कार्यक्रम (एसएसीपी) ले मलाई डीसी४ जाँच गराउनु आवश्यक नभएको बतायो । कल्पना गर्नुस् यहाँका धेरैजसो डाक्टर चिन्ने ममाथि त यस्तो हुन्छ भने अरुको अवस्था कस्तो होला ?' उनले भने ।

विस्तारित एचआईभी/एड्स नियन्त्रण कार्यक्रमद्वारा स्थापित एवं सञ्चालित सेन्टर अफ एक्सिलेन्सका निर्देशक डाक्टर अर्जा घिआस भन्छन् 'होइन, हामीले एचआईभी संक्रमित कसैलाई विभेद र अपमान गरेका छैनौं । हामीकहाँ आउने हरेक व्यक्तिलाई उपचार गर्नु र प्राथमिकता दिनु हाम्रो जिम्मेवारी हो ।' एआरटी आवश्यक पर्ने जोकोहीले पाउँछ । तर, यो त्यस्तो औषधि हो जसको मात्रा वफादारीपूर्वक शतप्रतिशत पूरा गर्नुपर्छ । हामी कुलत छाडेको कम्तीमा चार महिना पूरा गरेका र गैरसरकारी संस्थामार्फत आएका आईडीयूलाई उपचार गर्छौं । यो उनीहरूले औषधिको मात्रा पूरा गर्छन् भनेर पत्याउने आधार हो ।'

एचआईभी संक्रमित २० जना पाकिस्तान सोसाइटीमा दर्ता भएका छन् जसलाई एआरटी दिन एसएसीपीले सिफारिस गरेको छ । तर, तीनजनाले मात्रै औषधि पाएका छन् । 'त्यहाँ एक सयभन्दा बढी व्यक्ति छन् जो बिलका लागि सुहाउँदा छन् ।' अजाम भन्छन् ।

'यदि यो विभेद होइन भने के हो ? कसलाई एआरटी आवश्यक र कसलाई छैन भन्ने कुराको मापन गर्ने उनीहरूको आफ्नै मापदण्ड छ भने पनि यो जाँच र दर्ता गर्ने एसएसीपी हो भने किन बिलम्ब गर्छ ?' अजामले गुनासो गरे ।

'दुई सयभन्दा तलको सिडी४ गणना यसअघिको मापदण्ड थियो, विश्व स्वास्थ्य संगठनले परिमार्जन गरेयता यो तीन सय पुगेको छ र हामीले उसकै निर्देशिका पछ्याउँछौं ।' घियासले भने ।

अजाम तर्क गर्छन् 'व्यक्ति सााच्चिकै बिरामी हुन्जेल वा मृत्युसैयामा पुगुन्जेल किन पर्खने ? स्वास्थ्योपचार बेलैमा किन सुरु नगर्ने ? एड्स, टिबी, मलेरियाविरुद्ध लड्न ग्लोबल फन्ड छ र सस्ता एवं सामान्य औषधि उपलब्ध छन् भने लागू औषधि लिनेप्रति यो विभेद किन ?'

घियासका अनुसार एक मात्रा मात्रै औषधि छुट्यो भने पनि बिरामीलाई ठूलो खतरा हुनसक्छ । 'हामी एउटा बिरामीका लागि प्रतिमहिना ३० हजार रूपैयाँ (४९६ डलर) खर्च गर्छौं । मात्र एक मात्रा छुट्नुको अर्थ बिरामीको प्रतिरोधी क्षमता पहिलो लाइनमा पुग्नु हुन्छ र हामीले दोस्रो लाइन सुरु गर्नुपर्छ जुन धेरै महंगो हुन्छ । 'दिन/रात थाहा नहुने गरी लागू औषध दुर्व्यसनीहरूलाई एआरटी दिन हामी अनिच्छुक हुनुको कारण यही हो ।'

अजामको भनाइमा धेरै मानिस एआरटीको पालो पर्खेर बसेकाले उपचारका अन्य विकल्पमा उनीहरूको पहुँच विस्तार गर्नु जरुरी छ । यसबाट सोहेलजस्ता, खासगरी एचआईभी संक्रमित व्यक्तिमा देखिने प्रवल सम्भावना भएका टिबीलगायतका अवसर वादी संक्रमणको निदान र उपचार गर्न सकिन्छ ।

# खाने पानीको आपूर्तिमा सिँगापुर र इराकको दृष्टान्त

- थालिफ डिन

स्टकहोम (**आई.पी.एस्./एन्.पी.आई.**) – विश्वले खानेपानीको चुनौती महसुस गरिरहेको, वायुमण्डलीय तापमान बढेको र जैविक उर्जाको माग बढेको बेला सिँगापुर र इराकमा खानेपानी व्यवस्थापन दुई छुट्टै ध्रुवमा उभिएको देखिन्छ ।

सिँगापुर ४५ लाख जनसंख्याको एक शहरको मुलुक हो । यसको कुनै पनि प्राकृतिक स्रोत छैन । तापनि यसले जनताका दैनिक आवश्यकताका वस्तुको व्यवस्थापन गरेको छ, अभाव हुन दिएको छैन । यसको ठीक विपरित इराकमा दुई ठूला नदीहरू छन्, तैपनि पानीको आपूर्ति मिलाउन सकिरहेको छैन ।

गत महिना सम्पन्न अन्तर्राष्ट्रिय पानी सम्मेलनमा दक्षिण-पूर्वी एशियाली मुलुक सिँगापुरले पानी आपूर्ति व्यवस्था सफलताका साथ मिलाउन सकेकोमा स्टकहोम इण्डष्ट्री वाटरलाई पुरस्कृत गऱ्यो ।

'अब हामी आगामी एक सय वर्ष वा सोभन्दा बढी अवधिसम्मका लागि पानी आपूर्तिमा ढुक्क भएका छौं,' सिँगापुर राष्ट्रिय पानी निकायका कार्यकारी प्रमुख खू तेङ्ग चेईले भने ।

उनका अनुसार १९६० र ७० को दशकमा खानेपानीको आपूर्ति अवस्था अत्यन्त दयनीय थियो । एकातिर शहरीकरणमा तीव्रता आएको थियो भने अर्कातिर खानेपानीको अभाव, प्रदूषित नदी र यत्रतत्र बाढीको अवस्था थियो ।

'१० वर्षसम्म अथक मेहनत गरेपछि अहिले नदी पनि सफा भएका छन् । आज सिँगापुरका नदीहरू प्रदूषणमुक्त छन्, तपाईं नदीमा यत्रतत्र माछैमाछा उफ्रिरहेका देख्नुहुन्छ,' स्टकहोम इन्टरनेसनल वाटर इन्स्टिच्युटद्वारा प्रायोजित एक साता लामो सम्मेलनमा पुरस्कार वितरणपछि उनले भने ।

सिँगापुर कुनै बेला पानी आपूर्तिका लागि छिमेकी मुलुक मलेसियामा पूर्ण रूपले निर्भर थियो । तर आज यससँग अन्य तीन जलस्रोत विकल्प तयार भएका छन्- 'राष्ट्रिय चार धारा' को प्रयोग भैरहेको छ, पुनर्प्रयोगका लागि पानीको प्रशोधन र समुद्रको पानी नुन हटाएर प्रयोग गर्ने अभ्यास पनि गरिएको छ ।

सिँगापुरमा जडान गरिएका पानी प्रशोधन चार यन्त्रले मात्र मुलुकका १५ प्रतिशत जनतालाई पानी पिलाउँछन् र आगामी तीन वर्षभित्र ३० प्रतिशत उपभोक्ताको आवश्यकता पूर्ति गर्ने क्षमताको विकास गर्ने लक्ष्यका साथ पानी आपूर्तिका लागि पाँचौं नम्बरको यन्त्र जडानका क्रममा छ । यो काम पूरा हुन आगामी तीन वर्ष लाग्नेछ ।

मेक्सिकोस्थित पानी व्यवस्थापनका लागि तेस्रो विश्व केन्द्रका प्राध्यापक आसित विश्वास भन्छन्, 'सारा विकसित मुलुकले सिँगापुरबाट शहरमा खाने पानी तथा अन्य प्रयोगका लागि पानीको प्रभावकारी तथा उपयुक्त ढंगले कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरा सिक्न सक्छन् ।'

विश्वमा शुद्ध खाने पानीको आपूर्ति गराउने अभियान अन्तरगत सिँगापुरका लागि साझेदारीमा कार्य गर्ने सहमतिपत्रमा हस्ताक्षर गरेपछि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का उप-महानिर्देशक सुसन वेबर-मोसडर्फ भन्छन्, 'एकीकृत पानी व्यवस्थापनमा सिँगापुर नमुना हो, त्यसैले डब्लुएचओ सिँगापुरसँग उसको सफलताको सीप सिक्नका लागि साझेदारीमा काम गर्दैछ । सिँगापुरबाट सिकेको ज्ञान अन्य सदस्य राष्ट्रहरूमा पुनर्प्रयोग गर्न काम लाग्नेछ ।'

सिँगापुरको ठीक विपरित अवस्था

इराकको छ । ऊसँग टिग्रिस र इउफ्रातिज नामका दुई नदीमा उसलाई छेलोखेलो हुने पानी छ ।

तर विडम्बना के भयो भने इराकले प्राकृतिक स्रोतमा पहुँच बनाउनको साटो युद्धमा प्रतिस्पर्द्धा गर्न थाल्यो । १९८० को दशकभरि उसले आफ्नो स्रोत-साधन छिमेकी इरानसँगको युद्धमा लगायो । उसले आन्तरिक द्वन्द्वको सामना पनि गर्नुपर्‍यो । पाँच वर्षअघि अमेरिकाको नेतृत्वमा विदेशी सेनाको प्रवेशपछि आन्तरिक समूहहरूभित्रै द्वन्द्व यसरी चर्किएको छ कि दिनदिनै हताहतका घटनाहरू भैरहेका छन् ।

परिणामस्वरूप पछिल्ला वर्षहरूमा इराकको स्थिति अझ जटिल बन्दै गएको छ । पानी र पेट्रोलियम पदार्थमा समृद्ध भएर पनि यसले प्राकृतिक स्रोत-साधनको उपयोग गर्न सकेको छैन ।

इराक किन प्राकृतिक स्रोत-साधनमा पहुँच राख्न सकिरहेको छैन भनेर नियाल्ने हो भने केही महत्वपूर्ण कारणहरू बाहिर आउने छन् । सार्वजनिक प्रशासनिक निकायहरूबीच समन्वयको अभाव, राष्ट्रिय जलस्रोत योजना कार्यान्वयन गर्ने क्षमताको कमी, राष्ट्रिय समस्याहरूबाट थकान र वातावरणीय क्षयीकरण प्रमुख कारणका रूपमा देखापर्दछन् ।

'इराकको उदाहरण खराब व्यवस्थापनको उदाहरण हो,' राष्ट्रसंघीय विकास कार्यक्रम युएनडिपी उल्लेख गर्छ, 'इराकमा जलस्रोतको ९० प्रतिशत भाग कृषिमा प्रयोग भैरहको छ तर विडम्बना के छ भने इराकीहरूले पेट भर्नका लागि विदेशबाट खाद्यान्न मगाउनु पर्छ ।'

जोर्डनमा गत मे महिनाको अन्त्यमा दातृ निकायहरूको तीन दिवसीय सम्मेलन सफल भयो । सो सम्मेलनमा युद्धबाट तहसनहस भएको मुलुक इराकको खाने पानीको समस्या कसरी समाधान गर्ने भन्ने विषयमा प्रकाश पारियो ।

'जलस्रोत व्यवस्थापन रणनीति संयोजन तथा विकास गर्नका लागि सरकारको क्षमता अभिवृद्धि आवश्यक रहेको तथ्य सम्मेलनले उजागर गर्‍यो,' युएनडिपी इराकका निर्देशक पाओलो लेम्बोले जानकारी गराए ।

'यस बेला इराकले प्रमुख रूपमा मानवीय चुनौतीहरू झेलिरहेको छ । तर हाम्रो काम केवल इराकको वर्तमान अवस्था देखाउने र कमजोरी उजागर गर्ने मात्र होइन । भविष्यलाई हेरेर स्थायी विकासका लागि जग निर्माण गर्नु पनि हाम्रो दायित्व हो,' उनले थपे ।

इराकका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन पनि सार्वजनिक गरिएको सो कार्यक्रममा फ्रान्सस्थित सार्वजनिक सेवा अन्तर्राष्ट्रिय एकाइले दक्षिण अफ्रिका पनि सिँगापुरजस्तै पानी व्यवस्थापनमा प्रभावकारी र सही मार्ग अवलम्बन गर्न सफल मुलुक हो भनेको छ ।

सन् १९९४ सम्म पनि रंगभेदको शिकार ४ करोड जनसंख्याको मुलुक दक्षिण अफ्रिकामा ३८ प्रतिशत अर्थात १ करोड ५२ लाख जनता आधारभूत जलआपूर्तिको दायराभित्र समेटिन सकेका थिएनन् ।

रंगभेदी राज्यको पटनपछि खडा भएको सरकारले शहरका नागरिकका लागि मात्र होइन करिब १ करोड ग्रामीण क्षेत्रका जनताका लागि समेत पानी आपूर्तिको संरचना तयार पार्‍यो । दक्षिण अफ्रिकी सरकारले २००९ सम्ममा मुलुकका तमाम जनतालाई पानीको आपूर्ति व्यवस्था मिलाइसक्ने छ ।

उक्त अध्ययनका अनुसार मध्यम तथा न्यून आय भएका मुलुकहरूका लागि सार्वजनिक क्षेत्रमा पानीको सेवा पुर्‍याउनु चुनौतीपूर्ण हुन्छ, यही नै वास्तविकतामा आधारित अवधारणा पनि हो ।

'विगत १५ वर्षमा पानीको निजीकरणका लागि विभिन्न क्षेत्रबाट दबाब दिइएको अवस्था रहेको छ तापनि विश्वमा अधिकांशत: पानी आपूर्तिको कार्य राज्यद्वारा नै समालिएको देखिन्छ ।'

मध्यम तथा न्यून आय भएका मुलुकहरूका ९० प्रतिशत ठूला शहरमा १० करोड जनसंख्या रहेका छन् । २००६ को मध्यसम्मको तथ्याङ्क हेर्दा ती शहरमा खाने पानी आपूर्तिको कार्य सार्वजनिक क्षेत्रले नै गर्दै आएको छ ।

'खानेपानी आपूर्तिका क्षेत्रमा सरकारी प्रभाव रहेको छ । विकासशील मुलुकहरूमा पानीको आपूर्तिमा निजी कम्पनी पनि सक्रिय देखिएका छन् । सरकारबाट पानी आपूर्तिको जिम्मा ठेक्का वा भाडामा लिने काम उनीहरूले गरेका छन्,' अध्ययनले खुलासा गरेको छ ।

ग्रामीण क्षेत्रमा निजी कम्पनीहरूका लागि यो त्यति लाभकारी व्यवसाय देखिँदैन तर शहरी क्षेत्रमा भने उनीहरूको मुनाफाको मात्राले उचाइ छुने गर्दछ ।

# जुन्टा सरकारको हात वेभ-सञ्चारको कठालोमा

– मारवान माकन-मार्कर

बैंकक (आई.पी.एस्./एन्.पी.आई.) – थाइल्याण्डको सैनिक नियन्त्रित सरकारले लोकप्रिय श्रव्यदृश्य वेवसाइट 'यु-ट्युव' माथि लगाइएको प्रतिबन्ध अगष्ट महिनाको अन्तिम साता फुकुवा गरेको छ । साथै 'सहज मुद्रण ऐन' पनि पारित गरेको छ भने कम्प्युटर अपराध कानुन कडा पारिएको छ । यसले गर्दा स्वतन्त्र अभिव्यक्तिको अधिकार अझै कुण्ठित हुन पुगेको छ ।

गत अगष्टको अन्तिम साताको शुक्रबार बिहानैदेखि इन्टरनेट प्रयोग कर्ताहरूले कम्प्युटरमा श्रव्यदृश्य समाचार हेर्न सके । विश्वका विभिन्न कुनामा रहेका यु-ट्युवका ग्राहकहरूले विगत पाँच महिनादेखि यो अवसरबाट बञ्चित हुनुपरेको थियो ।

बैंकक सरकारले यु-ट्युवले 'थाई नागरिकको अहित हुने र कानुनको बर्खिलाप हुने' आक्रामक सामग्री समावेश गरेका कारण पाँच महिनाअगि यु-ट्युवको प्रसारण बन्द गरिदिएको सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका अधिकारीहरू जानकारी गराउँछन् ।

सरकारी हस्तक्षेपपछि यु-ट्युबले कार्यक्रम उत्पादन गर्न नै रोकिदियो । थाई इन्टरनेट सेवा प्रदायकबाट प्राप्त हुँदै आएको संवेदनशील श्रव्य-दृश्य सामग्री रोकिएको हो,' सञ्चार मन्त्री सिथिचाई पुकैयाउडोमको भनाई भन्दै अगष्टको अन्तिम शुक्रबार प्रकाशित अंग्रेजी दैनिक अखबार 'द नेशन' ले जनाएको छ ।

जुन्टा सरकार निर्वाचित सरकारलाई पतन गराएर शक्तिमा आएको हो । सेनाको नियन्त्रणमा रहेको नागरिक सरकारले श्रव्य-दृश्य सामग्रीमा कडा नजर लगायो । जसले गर्दा अप्रिल ३ तारिखका दिन यु-ट्युवको प्रसारणमा प्रतिबन्ध लगाइयो । त्यसबेला यु-ट्युवले थाइल्याण्डको सम्मानित राजतन्त्र र राजा भूमिबोल अदुल्यादेजलाई लक्ष्य गरेर सामग्री तयार पारेको थियो । दक्षिण-पूर्वी एशियाको अधिराज्य थाइल्याण्डमा शाही कदम र राजपरिवारप्रति टिप्पणी गर्ने कार्य शाही कानुनविरुद्ध हुन आउँछ । सो कानुन उल्लंघन गर्ने व्यक्तिले १५ वर्षसम्म जेलजीवन बिताउनु पर्ने प्रावधान सो कानुनमा उल्लेख गरिएको छ ।

तर, दक्षिण पूर्वी एशियाको प्रेस सञ्जाल (सीपा) बैंकक स्थित अधिकारवादी संस्था हो । यसले सो क्षेत्रकै सञ्चार माध्यमको अधिकारका लागि अभियान चलाउँदै आएको छ । यु-ट्युव तथा गुगलबीच बैंककमा सहमति भएअनुसार यु-ट्युवको नियन्त्रण गुगलले गर्न सक्छ । थाइल्याण्डका दर्शकहरूका लागि सामग्रीको छनोट गर्ने अधिकार पनि उसलाई रहन्छ । 'कुनै प्रकारको विभाग भएमा गुगल र थाइ सरकारबीचको सहमति अनुसार निकास निकालिने र उदार भावनाका साथ व्याख्या गर्ने सहमति भएको थियो तर इन्टरनेटमा श्रव्य दृश्य सामग्री संप्रेषण गर्ने स्वतन्त्रता यु-ट्युवले पाएन' एक वक्तव्यमा सीपाले उल्लेख गरेको छ ।

सञ्चारमाध्यममाथि भएको प्रतिबन्धात्मक सो कदमका कारण विश्वव्यापी रूपमा चर्चा भएको यो सम्भवत: थाइल्याण्डको सञ्चारमाध्यमसम्बन्धी सबैभन्दा ठूलो विषय हुनसक्तछ । जुन्टाले नियुक्त गरेको राष्ट्रिय व्यवस्थापिका सभा (एनएलए) ले नयाँ प्रकाशन ऐन पारित गरेपछि १९४१ को प्रकाशन तथा मुद्रण ऐनको प्रतिस्थापन हुनपुग्यो । थाई प्रेस माथिको दबाब केही खुकुलो हुन पुगेको पनि महसुस गरियो । पुरानो ऐन राष्ट्रिय सुरक्षा सरोकारका दृष्टिकोणले लागू गरिएको थियो न कि प्रेस स्वतन्त्रताको अभिवृद्धिका लागि ।

पुरानो ऐनले राज्य-प्रशासनलाई आलोचनात्मक अखबारविरुद्ध कारबाही चलाउन वा माफी दिन अधिकार दिएको थियो ।

नयाँ प्रकाशन ऐनले सरकारी निकायको पूर्व स्वीकृति नलिई सामग्री प्रकाशन गर्न अनुमति दिएको छ । जबकि पुरानो ऐनमा पूर्व स्वीकृतिको अड्चन खडा गरिएको थियो । प्रहरीलाई मुद्रणालय बन्द गर्ने अधिकार प्राप्त थियो । यस्ता अन्य आपत्तिजनक प्रावधानहरू पनि पुरानो ऐनमा समावेश गरिएका थिए । 'त्यो पुरानो कानुन पूर्णरूपले खारेज भएको छ, यो परिवर्तनले हामीलाई प्रसन्न बनाएको छ ।द नेशनका वरिष्ठ सम्पादक कवि चोङ्ग कित्ताथ्रोणले आईपीएसलाई भने- थाई पत्रकारिताका लागि पुरानो कानुन क्षयरोग थियो । अब त्यो रोग हटेको छ ।

तर कवि र अन्य थाई सञ्चार माध्यमका पक्षमा वकालत गर्ने अधिकारवादीहरू र स्थानीय वेबसाइट व्यवस्थापकहरू कम्प्युटर अपराध ऐनसँग चिन्तित छन् । संसदद्वारा पारित सो ऐन एक महिना अगिदेखि नै लागू भैसकेको छ । यो कानुन इन्टरनेट व्यवस्थापनका लागि पहिलो अभ्यास हो । १९४१ को प्रकाशन तथा मुद्रण ऐनबाट अभिप्रेरित यस कानुनले वेबसाइट नियन्त्रणका लागि प्रशासनलाई अस्वाभाविक अधिकार दिएको छ । यो थाइल्याण्डको सञ्चार माध्यमका लागि निदालमा झुण्डाएको तरबार सावित भएको छ ।

सरकारले नियम उल्लंघनकर्तालाई नक्कली सरबर प्रयोग गरेर सामग्री सम्प्रेषण गर्ने प्रसारकलाई जेल सजायसम्म दिलाउन सक्छ ।

नयाँ कानुनले के गर्ने हो भन्ने त्रासले सबैलाई सताएको छ । यसले सेन्सरशीपको संस्कार स्थापना गर्नेभएको छ । सैनिक नियन्त्रित सरकारले दुई पटक निर्वाचित भएका प्रधानमन्त्री थाक्सिन सिनाबात्रालाई जबरजस्ती अपदस्थ गर्‍यो । अनलाइन मोर्चाले थाक्सिनमाथि भएको कारबाहीका विरोधमा कलम चलाउँदै आएको छ । स्वतन्त्र सञ्चारमाध्यमका पक्षमा वेबसाइटसम्बन्धी कानुनले सघाउने कुनै ठाउँ देखिँदैन । प्रान्तहरूमा झण्डै ३ सय सामुदायिक रेडियो स्टेसनहरू क्रान्तिकारी प्रयास गर्ने आशंकाले मात्र सैनिक नियन्त्रित सरकारले प्रतिबन्ध लगायो । यसबाट सञ्चार माध्यमप्रति वर्तमान सरकारको वक्रदृष्टि प्रमाणित हुनआउँछ ।

नयाँ कम्प्युटर अपराध कानुन लागू हुनुअगि अर्थात जुलाई महिनासम्ममा १७ हजार भन्दा बढी वेवसाइट बन्द गरेको आरोप इन्टरनेट निगरानी समूहले सञ्चार मन्त्रालयलाई लगाएको छ । यो प्रतिबन्ध सैनिक अधिनस्थ सरकारले निर्वाचित सरकारलाई अपदस्थ गरेपछि अर्थात् सेप्टेम्बर १९ तारीखयताको हो । यद्यपि यस आरोपलाई सञ्चार मन्त्रीले स्वीकार गरेका छैनन् । उनले करिब २ सय वेबसाइटहरू मात्र बन्द गरिएको र तीमध्ये अधिकांश अश्लील चित्र संप्रेषण गर्ने रहेको उनको दाबी छ ।

'यो कानुन केही पक्षहरूमा अस्पष्ट छ । यसले गर्दा सरकारलाई शक्तिको दुरूपयोग गर्न मौका प्राप्त हुन आएको छ,' जनसञ्चार सुधारका लागि अभियानका महासचिव सुपिन्या क्लाङ्गनारोङ्गले भनिन् । उनको संस्था स्थानीय रूपमा सञ्चारमाध्यमको अनुगमन गर्दछ । 'सामान्यत: साइवर अपराध कानुनले निश्चित स्वादका पाठकहरूलाई प्रभावित पारेको छ । जसले परजीजी फैलाउने र बालअश्लीलता प्रदर्शन गर्नेगर्दछ, त्यसमा रोक लगाएको छ जो सकारात्मक हो । तर कानुनले राष्ट्रिय सुरक्षा सार्वजनिक आदेश र नैतिकताका विषय पनि इन्टरनेट अपराधका रूपमा समेटेको छ' उनले यस पक्षलाई समस्याका रूपमा देखाइन् । उनले आईपीएसलाई देखाएको बाटो के भने, इन्टरनेट सेवाप्रदायक र वेबसाइट प्रबन्धकहरू नयाँ साइबर चोरीका लागि सरकार तथा नयाँ कानुनप्रति जवाफदेही बनेका छन् । उनीहरूले इन्टरनेटमा राखेका सामग्रीका लागि सरकार वा कानुनअनुसार सोधिएको प्रश्नको जवाफ दिनुपर्नेछ । यसले इन्टरनेट प्रदायकहरूमा त्रासको वातावरण भने सिर्जना हुन्छ ।

थाइल्याण्डमा लोकप्रिय बनेको वेबसाइट 'प्रचातायी' का व्यवस्थापक पनि सोही प्रकारको चिन्ता व्यक्त गर्दछन् । उनी नयाँ कानुनले वेब सञ्चालकहरूको उत्साह सीमित गरेको बताउँछन् । 'यस कानुनले वेबसाइट सञ्चालकहरूलाई आत्मनियन्त्रण वा सेल्फ-सेन्सरसीप गर्न दबाब दिन्छ,' प्रचातायीका व्यवस्थापक चिरानुच प्रेमचायीयापोन आईपीएसलाई भन्छन् -अब सरकारले हामीसँग सूचनाका बारेमा जथाभावी प्रश्न गर्नसक्ने भएको छ । यसका लागि उसले अदालतको आदेश पर्खिरहनु पर्ने छैन ।

# श्रीलंका मानवीय सहयोग र प्रेसका लागि बदनाम

– थलिफ डिन

संयुक्त राष्ट्रसंघ (**आई.पी.एस./एन्.पी.आई.**) – मानवीय सहयोगको काममा संलग्न कार्यकर्ता र सञ्चारकर्मीका लागि श्रीलंका विश्वकै कुख्यात स्थल बन्न पुगेको छ । तमिल पृथकतावादीको विद्रोहविरुद्ध लामो समयदेखि संघर्षरत श्रीलंकाले द्वन्द्वकै कारण सो बदनाम आर्जन गरेको हो । सरकारी र अर्धसैनिक बलबाट छद्मरूपमा हुने हत्या र धम्कीको बढोत्तरीका कारण स्वयंसेवी कार्यकर्ता र सञ्चारकर्मी कठिनाइमा पर्ने क्रम तीव्र रूपमा बढेपछि यो अवस्था सिर्जना भएको हो ।

सञ्चार क्षेत्रको अनुगमन गरिरहेका चार वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था--कमिटी टु प्रोटेक्ट जर्नालिष्ट, इन्टरनेशनल प्रेस इन्स्टिच्यूट, रिपोर्टर्स सान्स फ्रन्टियर्स (आरएसएफ) र इन्टरनेशनल फेडेरेसन अफ जर्नालिष्ट (आइएफजे)--ले श्रीलंकालाई पत्रकारको निम्ति घातक ठाउँ भएको संकेत गरेका छन् ।

'पत्रकारहरू हत्या, धम्की, अपहरण र सेन्सरसीपको शिकार हुँदै आएका छन्' आरएसएफले अगष्टको दोस्रो साता प्रकाशित प्रतिवेदनमा भनेको छ ।

आरएसएफको एउटा तथ्य छानबिन टोली 'एकान्त तमिल बहुल जाफ्ना प्रायद्वीप' मा केन्द्रित थियो जहाँ 'प्रेस स्वतन्त्रता गम्भीर रूपमा हनन् हुँदै आएको छ ।'

'पत्रकार र सञ्चारकर्मीका लागि ज्यादै बर्बर वर्ष' को रूपमा चित्रित सन् १००६ मा सबैभन्दा खतरनाक ठाउँ इराक रह्यो जहाँ ४६ सञ्चारकर्मी मारिए । त्यसपछि फिलिपिन्स (१०), मेक्सिको (७), श्रीलंका (५) र पाकिस्तान (५) को नाम आउँछ ।

अगष्टको दोस्रो साता श्रीलंकाको द सन्डे टाइम्सका सल्लाहकार सम्पादक इकवाल अथासलाई युक्रेनबाट लाखौं डलरको लडाकू जेट खरिद गर्दा भएको अनियमितताको विस्तृत विवरण प्रकाशमा ल्याउने सामग्री शृंखलाबद्ध रूपमा छापेको निहुँमा धम्की दिइनुका साथै रुखो व्यवहार गरियो ।

ताजा घटनाको बेलीविस्तार सुनाउने क्र( ममा, आफूलाई एयरफोर्सका अवकासप्राप्त अधिकृत बताउने एक व्यक्तिले द सन्डे टाइम्स र सिंहाला भाषाका अन्य थुप्रै पत्रपत्रिका प्रकाशित गर्ने विजेला न्युजपेपर्स लिमिटेडको कार्यालयमा गएर कर्मचारीलाई थर्काएको अथासले आइपीएसलाई बताए ।

ती आगन्तुकले अंग्रेजीबाट सिंहाला भाषामा अनुवाद गर्ने डब्लु डी गुणरत्नेलाई भेटर अथासका कुनै पनि लेख अंग्रेजी पत्रिकाको भन्दा बढी पाठक भएको स्थानीय भाषाको पत्रिकाका लागि अनुवाद नगर्न चेतावनी दिए ।

'उसले गुणरत्नेलाई त्यसो गरेको खण्डमा गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी पनि दियो' लन्डनबाट प्रकाशित हुने जानेज डिफेन्स विक्लीका सैनिक सम्वाददातासमेत रहेका अथासले भने ।

अथासले तीन महिनाभित्र लेख्ने इलम त्यागेर श्रीलंका नछाडे 'अज्ञात बन्दुकधारी' द्वारा मारिएका तमिल पत्रकारको जस्तै नियति भोग्नुपर्ने पनि ती आगन्तुकले धम्की दिए ।

कमिटी टु प्रोटेक्ट जर्नालिस्टकी अबी राइट आफ्नो संगठन अनुभवी पत्रकार अथासले सामना गरिरहेको धम्कीप्रति सतर्क भएको बताउँछिन् । सन् २००६ मा सम्पन्न युक्रेनबाट मिग-२७ लडाकू जेट खरिद गर्ने सम्झौतामा भएको अनियमितताको अनुसन्धान पछि उनी असाधारण दबाबमा छन् ।

सम्झौतासम्बन्धी लेख प्रकाशित भएलगत्तैको पछिल्लो दुई सातामा आफ्नो सुरक्षासम्बन्धी विस्तृत विवरण सरकारले एक्कासी खिचेपछि आफूलाई अज्ञात व्यक्तिहरूले पछ्याएको र तनावमा रहेको अथासले सिपिजेलाई जानकारी गराएको पनि उनले खुलस्त पारिन् । राइटका अनुसार अथासको चिन्ता आफ्नो जीवन र परिवारको सुरक्षाको निम्ति हो ।

'सिपिजेले अथासलाई पर्याप्त सुरक्षा दिन र त्रासमुक्त भएको पक्का गर्न तत्काल कदम चाल्न श्रीलंका सरकारलाई आग्रह गरेको छ' राइटले भनिन् ।

अथास श्रीलंकाको द सन्डे टाइम्सको सुरक्षा स्तम्भकारका रूपमा सुपरिचित रहेको र केबल न्युज नेटवर्क (सिएनएन), जानेज डिफेन्स विक्ली, टाइम्स अफ लन्डन जस्ता अन्तर्राष्ट्रिय सञ्चार माध्यमका नियमित लेखक भएको पनि राइटले बताइन् । अथासले सन् १९९४ मा सिपिजेको अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता पुरस्कार प्राप्त गरेका थिए ।

सिपिजेले श्रीलंकाली राष्ट्रपति

महिन्दा राजापाक्षेलाई विरोधपत्र पठाउने तयारी गरिरहेको पनि राइटले जानकारी दिइन् ।

श्रीलंकास्थित स्वतन्त्र सञ्चार आन्दोलन (फ्रि मिडिया मुभमेन्ट, छोटकरीमा एफएमएम) ले अंग्रेजी भाषाका वरिष्ठ पत्रकार इकवाल अथासको सुरक्षा र त्रासमुक्तिबारे यसअघि नै गम्भीर चासो व्यक्त गरिसकेको छ ।

'द सन्डे टाइम्सको वरिष्ठ सुरक्षा स्तम्भकारका रूपमा पछिल्ला महिनामा अथास युक्रेनबाट सेनाका लागि खरिद गरिएको मिग लडाकू विमान खरिदमा भएको अनियमितता सम्बन्धी लेखहरूको शृंखलाका लागि जिम्मेवार रहँदै आए' एफएम एमले विज्ञप्तिमा भनेको छ ।

अथास र उनको परिवारलाई धम्की दिइएको प्रति संकेत गर्दै एफएम एमले भनेको छ 'श्रीलंकामा पछिल्लो समयमा पत्रकार र सञ्चारकर्मीमाथि बारम्बार भइ आएका हमला र रुखो व्यवहारको सन्दर्भमा फ्रि मिडिया मुभमेन्ट आफ्नो सुरक्षाप्रति अथासले व्यक्त गरेको चिन्ता वास्तविकतामा आधारित छ भन्नेमा विश्वस्त छ ।'

'हामी प्रतिरक्षामन्त्री समेत रहेका राष्ट्रपतिलाई श्री अथासलाई तत्काल पर्याप्त सुरक्षा दिन आवश्यक सबै कदम चाल्न आग्रह गर्दछौं । यसो गर्न चुक्नुले श्रीलंका सरकारमा सञ्चारकर्मीको सुरक्षा र त्रासमुक्तिप्रति चासोको अभाव छ भन्ने कुराको संकेत दिन्छ ।'

यसैबीच, मानवीय मामिलासम्बन्धी राष्ट्रसंघीय उपमहासचिवले हालसालैको श्रीलंका भ्रमणपछि हिन्द महासागरीय टापु मुलुकलाई 'सहायताकर्मीका लागि अफगानिस्तानपछिको दोस्रो खतरनाक ठाउँ' को रूपमा चित्रण गरेका थिए ।

गत जुनमा राष्ट्रसंघीय सुरक्षा परिषद्को बैठकलाई सम्बोधन गर्दै उपमहासचिव जोन होल्मसले सन् २००६ मा श्रीलंकामा २६ जना सहायताकर्मी मारिएको बताएका थिए । यो संख्यामा एउटै त्रासद् हमलाको सिकार बनेका एक्सन कोन्ट्रे ले फाइमका १७ सदस्य पनि सामेल छन् ।

उस्तै खाले--लेबनानको प्यालेस्टिनी शरणार्थी शिविरमा रेडक्रसका दुई कार्यकर्ता र सुडानको डार्फुरमा कारितास इन्टरनेसनलका सहायताकर्मी एकजनाको हत्या--घटनाका दोषीलाई कानुनी कारवाही गर्न अझै बाँकी रहेको होल्मसले बताए ।

श्रीलंका र कोलम्बिया जस्ता मुलुकहरूले हत्या, बेपत्ता र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन जस्ता घटना अनुभव गरिरहेको पनि उनले औंल्याएका थिए ।

'सडक र जलमार्गबाट आवतजावत गर्न सरकार र विद्रोही लिबरेसन टाइगर्स अफ तमिल इलमले प्रतिबन्ध लगाएपछि श्रीलंकाको जाफ्ना प्रायद्विपका ६ लाखभन्दा बढी मानिसले सन् २००६ को अगष्टदेखि आधारभूत आवश्यकताका बस्तुको अभाव झेल्दै आएका छन् ।' आफ्नो मन्तव्यलाई निरन्तरता दिने क्रममा होल्मसले भने ।

अप्रत्यक्ष रूपले श्रीलंका झन्डैझन्डै युद्ध अपराधमा दण्डनीय छ भन्दै उनले थपे 'मानवतावादी कर्मचारीको हत्या र पहुँचमाथिको स्वेच्छाचारी प्रतिबन्धबाट अन्तर्राष्ट्रिय मानवतावादी कानुनको उल्लंघन हुन्छ ।'

क्यानडाका राजदूत जोन म्याकनीले श्रीलंकालाई सुडान, अफगानिस्तान, उत्तरी युगान्डा, इराक, लेबनान र सोमालिया जस्ता युद्धमा सर्वसाधारणलाई सुरक्षा दिन असफल मुलुकहरूको श्रेणीमा राखे ।

'उमेर नपुगेका किशोर किशोरीलाई सेनामा भर्ति गरिन्छ, निर्दोष नागरिक अज्ञानतावश आत्मघाती हमलाको सिकार बन्छन्, आफ्नै घरबाट विस्थापित भइरहेका छन्, यौन हिंसा युद्धको एउटा योजनावद्ध हतियार हुन्छ र गैरसैनिक पूर्वाधार एवं अर्थतन्त्र प्रायजसो चकनाचुर पारिन्छ ।' म्याकनीले भने ।

यी कार्यका परिणामहरूले सुडानदेखि अफगानिस्तानसम्म र सोमालियादेखि श्रीलंकासम्मका मुलुकहरूलाई क्रमश: बिसर्जनको अवस्थातिर धकेलिरहेका छन् ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**